नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी

# गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा, कास्की

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२ साल कार्तिक २४ गते सोमबार

यस गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरामा रहेका कुकुरहरुका लागि पशुपंक्षी आहार शिर्षक अन्तर्गत कुकुर दाना शिलबन्दी दरभाउपत्रको माध्यमद्धारा आ.व.२०८२/०८३ अर्थात २०८२ साल माघ ०१ गते देखि २०८३ साल पौष मसान्त सम्म बर्ष १ (एक) को लागि पशुपंक्षी आहार (कुकुर दाना) खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मिति २०८२।०७।२४ गते सोमबार देखी २०८२।०८।०८ गते सोमबार कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरी मिति २०८२।०८।०९ गते मंगलबार दिनको १२:०० बजे सम्ममा निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना **gandaki.nepalpolice.gov.np** मा पनि हेर्न सकिनेछ । विस्तृत विवरण बुझ्नु परेमा कार्यालय समय भित्र गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा, कास्कीमा सोझै सम्पर्क गर्न वा फोन नं.०६१ - ४५२५०० मा सम्पर्क गर्न सकिनेछ ।

<u>निम्न:</u>

१) खरिद गरिने पशुपंक्षी आहारको किसिम र परिमाण तथा प्राविधिक विवरण (स्पेशिफिकेसन) लगायत अन्य शर्तहरु शिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

२) दरभाउपत्रको माध्यमबाट भाग लिन चाहने दरभाउपत्रदाताहरुले मिति २०८२।०८।०८ गते सोमबार कार्यालय समयभित्र तोकिएको शुल्क रु.१,०००।०० (अक्षरुपी एक हजार रुपैंया मात्र) (फिर्ता नहुने गरी) तिरी लिखित निवेदन सहित फर्म, संस्था, कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाण पत्र, मु.अ.कर तथा आयकर दर्ता प्रमाण पत्र, आर्थिक वर्ष २०८१।०८२ को कर चुक्ता प्रमाण पत्र / आर्थिक वर्ष २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र र आ.व.०८१।०८२ को कर विवरण पेश गरेको / म्याद थपको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी समेत संलग्न राखी यस कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय तथा जिल्ला प्रशासन कार्यालय पोखरा, कास्की समेतबाट दरभाउ पत्र फाराम खरीद गर्न सकिनेछ ।

३) शिलबन्दी दरभाउपत्र दाताहरुले मिति २०८२।०८।०९ गते मंगलबार १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र दाखिला गरी सक्नु पर्नेछ । शिलबन्दी दाखिला भएका दरभाउपत्रहरु सोही दिनको १३:०० बजे पशु दाना खरिद दरभाउपत्र मुल्याङ्कन समिति एवं उपस्थित प्रतिनिधि दरभाउपत्रदाता वा निजहरुका आधिकारीक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता तथा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन कारणबश: कुनै सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समयभित्र दरभाउपत्रहरु खोलिने छ ।

४) दरभाउपत्र फाराम साथ तोकिएको जमानत रकम रु.३८,०००।- (अक्षरुपी अठ्तीस हजार रुपैया मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लि. पृथ्वीचोक, पोखरा स्थित एकल धरौटी खाता ३०२०१००१०२०३०००० मा जम्मा गरेको सक्कलै दोश्रो प्रति भौचर वा "क" श्रेणीको ईजाजत प्राप्त बाणिज्य बैंकबाट नियमानुसार जारी भएको जमानत पेश गर्नु पर्नेछ । बैंक जमानत दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले दरभाउपत्रको लागि ७५ दिन मान्य अवधिको हुनु पर्नेछ ।

५) दरभाउपत्र दाताहरुले सार्वजनिक खरीद नियमावली २०६४ को नियम ४० उप - नियम २ (ङ) मा उल्लेख भए अनुसार खरीद कार्यमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाँय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ ।

६) रीत नपुगी वा दरभाउपत्रहरुको सूचनामा निर्धारित समय नाघी पेश हुन आएको शिलबन्दी दरभाउपत्र उपर कारवाही गरिने छैन ।

प्रहरी नायब महानिरीक्षक

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी
गण्डकी प्रदेश प्रहरी कार्यालय
कास्की, पोखरा

७) दरभाउपत्र फाराम शिलबन्दी गरी दरभाउपत्रको विषय, दरभाउपत्र पाउने कार्यालय वा अधिकारीको नाम र ठेगाना उल्लेख गरी पेश गर्नु पर्नेछ।

८) दरभाउपत्र सम्बन्धी कागजातको परिमाण सहितको मूल्यसूची भर्दा मूल्य अभिवृद्धि कर बाहेकको प्रतिदिन प्रति कुकुरको आईटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेखि भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

९) एक ब्यक्ति, फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति, फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाईने छैन।

१०) पशुपंक्षी आहार (कुकुर दाना) खरीद सम्झौता अवधिभर कुनैपनि मूल्य वृद्धि दिईने छैन, ढुवानी बापतको खर्च आपूर्तिकर्ता स्वयंले ब्यहोर्नु पर्नेछ।

११) पशुपंक्षी आहार (कुकुर दाना) यस कार्यालयमा राखिएको नमुना र दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेख भएको प्राविधिक विवरण (स्पेशिफिकेशन) बमोजिम गुणस्तरयुक्त र नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप आपूर्ति गर्नुपर्ने छ। आपूर्तिकर्ताले कुकुर दाना आहारको नमुना १ (एक) किलोग्राममा नघटाई शिलप्याक गरी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ।

१२) दरभाउपत्र स्वीकृत भई खरीद सम्झौताको लागि आउँदा दरभाउपत्र साथ नगद जम्मा गरेको सक्कल बैंक भौचर पेश गरेको भए कबोल अंकको ५ प्रतिशत नगदै कोष तथा लेखा नियन्त्रक कार्यालय पोखरा, कास्कीको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड पृथ्वीचोक, पोखरामा रहेको धरौटी खाता नं. ३०२०१००१०२०३०००० मा जम्मा गरी दोश्रो प्रति सक्कलै बैंक भौचर पेश गरी वा ईजाजत प्राप्त वाणिज्य बैंकबाट जारी भएको कबोल अंकको ५ प्रतिशत रकम बराबरको परफरमेन्स बण्ड (कुकुर दाना आहार खरीद सम्झौता अबधि भन्दा कम्तीमा १ महिना बढी मान्य अबधि भएको कार्य सम्पादन जमानत पत्र) पेश गरेपछि मात्र सम्झौता गरि गराई सम्झौता पत्र र कार्यादेश पत्र दिईनेछ।

१३) पेश्की लिनको लागि खरीद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट गर्नुपर्ने अबधि भन्दा कम्तीमा १ महिना बढी अबधिको मान्य हुने ईजाजत प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी (जमानत) पेश गर्नु पर्नेछ।

१४) प्रत्येक महिनाको रनिङ्ग बिलबाट भुक्तानी रकमको १.५ प्रतिशत अग्रिम आयकर कट्टी गरी आन्तरिक राजश्व कार्यालय पोखरा र मू.अ.करको ३०% रकम कट्टा गरी सम्बन्धित फर्मको करदाता कार्यालयमा दाखिला गरिने छ।

१५) पशुपंक्षी आहार (कुकुर दाना) आपूर्तिकर्ताले नमूना बमोजिमको पशुपंक्षी आहार (कुकुर दाना) आपूर्ति गर्न नसकेमा पशुपंक्षी आहार (कुकुर दाना) खाने खुवाउने तर्फ कुनै बाधा व्यवधान भएमा सो उपर प्रचलित ऐन नियम बमोजिम कारवाही उठाई पशुपंक्षी आहार (कुकुर दाना) खरीद सम्झौता रद्ध गरिने छ।

१६) यस सूचना तथा शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख नभएका बिषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) र प्रचलित अन्य नेपाल कानून बमोजिम हुनेछ।